# सर्वोच्च अदालत, संयुक्त इजलास
## सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
## माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना
## <u>आदेश</u>
## रिट नं.: ०७५-WO-०७५५
<u>**विषयः उत्प्रेषण समेत।**</u>

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ११ बस्ने अधिवक्ता श्यामकुमार श्रेष्ठ...........................................................................१ | निवेदक |

*<u>विरूद्ध</u>*

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २९, अनामनगर रजिष्टर्ड कार्यालय रहेको द.नं. १९२९०९/०७४/०७५ भएको पठाओ नेपाल प्रा.लि........१ | |
| ऐ. को प्रथम प्रतिनिधि समितिको अधिकारी प्रतिनिधि बंगलादेशको राहदानी नं. BK0565162 का Hussain Mohanned Elius..................................................१ | |
| ऐ. को प्रथम प्रतिनिधि समितिको अधिकारी प्रतिनिधि Asheem Man Singh Basnyat.१ | |
| The Green, Suite A, dover, DE 19901, USA मा मुख्य रजिष्टर्ड कार्यालय रहेको Pathao, INC को तर्फबाट अ.प्रा. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २९, अनामनगर स्थित पायोनियर ल एशोसियटका नारायण चौलागाईं..............१ | विपक्षी |
| कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं...........................................१ | |
| उद्योग विभाग, काठमाडौं...........................................................................१ | |
| नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, काठमाडौं......................१ | |

यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौं..............................................१

महानगरीय ट्राफिक प्रहरी महाशाखा, बगीखाना, काठमाडौं................................१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं.......................................१

**यस अदालतमा रिट निवेदन परेको मितिः-** २०७५।१०।२८

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः-

**तथ्य खण्ड**

१. नेपालमा वैदेशिक लगानीको सन्दर्भमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ नै principle act को रुपमा रहेको छ भने विपक्षी उद्योग विभागबाट समय-समयमा जारी हुने नीति, नियम, निर्देशिकाको अधिनमा रही कानून बमोजिम वैदेशिक लगानी (Foreign Direct Investment) वैध तवरले नेपाल भित्रिने प्रवेश मार्ग हो। ऐ. ऐनले एउटा उद्देश्यको लागि दिएको अनुमतीलाई कानून विपरीत तवरले अर्को क्रियाकलाप गर्न र सोमा लगानी गर्न छुट दिँदैन। विपक्षी मध्ये पठाओ नेपाल प्रा.लि. मुख्य रुपमा pathao inc, delaware state अन्तर्गत अमेरिकी कानून बमोजिम संस्थापित कम्पनी रहेको र उक्त कम्पनीले सूचना प्रविधिको व्यवसायमा नेपालमा लगानी गर्न २३ अप्रिल २०१८ (तदनुसार मिति २०७५।०१।१०) मा विपक्षी उद्योग विभाग समक्ष project proposal पेश गरी उक्त कागजातमा हाल विपक्षी पठाओ नेपाल प्रा.लि. ले गैरकानूनी तवरले सञ्चालन गरी आएको सेवाभन्दा बाहेकको उद्देश्यमा स्वीकृतिको लागि दरखास्त पेश गर्दा विपक्षी उद्योग विभागबाट आफूद्वारा पूरा गर्नुपर्ने कानूनी दायित्व समेत पूरा नगरी उक्त project proposal लाई मिति २०७५।०३।२० मा स्वीकृत गर्ने कार्य भएको रहेछ। उक्त स्वीकृती बमोजिम नै विपक्षी मध्ये Pathao Inc ले नेपालमा पठाओ नेपाल प्रा.लि. नामको कम्पनी दर्ता गर्न प्रस्ताव सहितको प्रबन्धपत्र एवं नियमावली तयार गरी विपक्षी कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा पेश गर्ने कार्य गरेकोमा उक्त प्रबन्धपत्रको दफा ५ मा कम्पनीको उद्देश्य भन्ने शीर्षकमा ऐ. को दफा ५(१) मा यस कम्पनीले देहाय बमोजिम गर्ने छ भनी ऐ. को दफा ५(१)(क) मा, application operation support (within computer support ) सर्भिस प्रदान गर्ने भन्ने र ऐ. को दफा ५(२) मा, कम्पनीले उपदफा (१) बमोजिम उद्देश्य कार्यान्यवन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमती एवं इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि

मात्र कार्यान्वयन गरिनेछ भन्ने उल्लेख गरी कम्पनी दर्ता नं. १९२९०९/०७४/०७५ बमोजिम कम्पनी संस्थापना भएको रहेछ।

२. पठाओ नेपाल प्रा.लि. ले विपक्षीहरुको बदनियतपूर्ण मिलेमतोमा एक उद्देश्यको लागि संस्थापित भई वैदेशिक लगानी अन्तर्गतको कम्पनीले उद्देश्यभन्दा बाहिर गई ride sharing को व्यवसाय गर्दै मोटरसाइकलको पछाडि भाडामा मान्छे बोक्ने कार्य गरिरहेको छ, जुन विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को रोहमा ठाडै गैरकानूनी रहेको छ। ऐ. ऐनको मर्म र भावना विपरीत विपक्षी नं. १ ले आफ्नो उद्देश्यभन्दा बाहिर गई बदनियतपूर्ण तवरले कानून विपरितको कार्यहरु गरिरहेको छ। विपक्षीहरु लगायतका नियामक निकायहरु उदासिन रहेका छन्। तसर्थ, विपक्षी नं. १ को गैरकानूनी कार्य रोक्न तत्काल अन्तरिम आदेश जारी गरी प्रस्तुत मुद्दालाई अग्राधिकार प्रदान गरी विपक्षी नं. १ को कम्पनी दर्ता नं. १९२९०९/०७४/०७५ को कम्पनी दर्ता प्रमाणपत्र समेत उत्प्रेषणको आदेशले बदर गरी निज विपक्षीको गैरकानूनी कार्य बन्द गर्न विपक्षी नियामक निकायहरुको नाउँमा परमादेशको आदेश जारी गरी सम्बन्धित निकायहरुको नाउँमा निर्देशानात्मक आदेश समेत जारी गरी पाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन।

३. यसमा के कसो भएको हो? निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सूचना प्राप्त भएको मितिले १५ दिनभित्र विपक्षी नं. ५, ६, ७, ८, ९ र १० का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं. १, २, ३ र ४ का हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। साथै, अन्तरिम आदेश माग भएको सम्बन्धमा विचार गर्दा दुवै पक्ष राखी छलफल गराई निष्कर्षमा पुग्नु मनासिव देखिँदा मिति २०७५।११।१४ को अन्तरिम आदेशको छलफलका लागि पेशी तोकी सोको सूचना विपक्षीहरु समेतलाई दिई नियमानुसार पेश गर्नू भन्ने समेत यस अदालतबाट मिति २०७५।१०।२९ मा भएको आदेश।

४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८ को उपदफा (१) मा निजी प्रयोजनको लागि दर्ताको प्रमाण पत्र प्राप्त सवारीलाई निजी सवारी भनिने छ भनी उल्लेख भएको र ऐ. दफाको उपदफा (२) मा निजी सवारी यातायात सेवाको लागी प्रयोग गर्न पाइने छैन भनी उल्लेख भएको साथै, सोही ऐनको दफा १२ को उपदफा (१) मा कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइने छैन

भनी उल्लेख भएको हुँदा यस विपरीत कुनै पनि निजी नं. का सवारी साधनहरुलाई सार्वजनिक यातायातको रुपमा भाडामा मानिस बोक्ने छुट यस महाशाखा तथा मातहत समेतबाट नदिइएको र चेकजाँचको क्रममा सवारी नियम विपरीत काम कारवाही गरेको फेला परे नियमानुसार कारवाही गर्ने गरिएको तथा यस महाशाखाबाट रिट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकार उल्लंघन हुने खालका कुनै पनि काम कारवाही नगरिएको हुँदा यस महाशाखा समेतलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको महानगरीय ट्राफिक प्रहरी महाशाखाको लिखित जवाफ।

५. कम्पनी ऐन, २०६३ र कम्पनी निर्देशिका, २०७२ बमोजिम कम्पनीको नाम स्वीकृत, दर्ता संस्थापनादेखि कम्पनी खारेजीको अभिलेख राख्ने सम्मको कार्य कानूनले दिएको जिम्मेवारी अनुसार यस कम्पनी रजिस्ट्रार कार्यालयबाट सम्पादन हुँदै आएको व्यहोरा अनुरोध छ। पठाओ नेपाल नाम स्वीकृत गराई आफ्नो प्रबन्धपत्र, नियमावलीसाथ उद्योग विभागको स्वीकृती समेत पेश गरेको आधारमा यस कार्यालयमा पठाओ नेपाल प्रा.लि. (कम्पनी द.नं. १९२९०९) दर्ता भएको र यस कार्यालयबाट मिति २०७५।०३।२२ मा कानून अनुसार लिनुपर्ने अनुमती सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्य अनुसार कारोबार गर्नु पर्नेछ भन्ने समेतको व्यहोरा खोली कम्पनी दर्ता प्रमाणपत्र जारी भएको हो। यस कार्यालयले कम्पनी ऐन र निर्देशिका बमोजिम कम्पनी दर्ता, संस्थापना गरी कानूनी व्यक्ति खडा गरिदिने सम्म हो। आफ्नो उद्देश्य अनुसार सम्बन्धित निकायको इजाजत/अनुमती लिएर मात्र काम कारवाही गर्नुपर्ने हुन्छ। अनुमती लिनु पर्नेमा नलिई अथवा कानूनभन्दा बाहिर गई कुनै पनि काम कारवाही गरेमा स्वयं कम्पनी जवाफदेही र उत्तरदायी हुने हुँदा कानूनले दिएको जिम्मेवारी अनुसार कम्पनी दर्ता, स्थापना गरेको आधारमा यस कार्यालयलाई विपक्षी बनाउनुपर्ने होइन। त्यसैगरी, रिट निवेदकले यस कार्यालयको के-कुन निर्णय कार्य कानूनसम्मत नभएको हो भनी उल्लेख समेत गर्न नसकेको हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको कम्पनी रजिष्ट्रारको कार्यालयको लिखित जवाफ।

६. नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कानून बमोजिम काम कारवाही गर्न प्रतिबद्ध रहेको व्यहोरा सम्मानित अदालत समक्ष अवगत गराउन चाहन्छु। जहाँसम्म निवेदकले उठाएको पठाओ कम्पनी तथा निजका प्रतिनिधिहरुबाट कम्पनीलाई स्वीकृतप्राप्त उद्देश्य र शीर्षकभन्दा बाहिर गई मोटरसाइकलको पछाडि यात्री बोक्ने गरेको भन्ने विषय छ, भाडामा मान्छे बोक्ने व्यवसाय, तत् सम्बन्धमा कम्पनी दर्ता र

मोटरसाइकल दर्ता सम्बन्धी विषयमा प्रचलित नेपाल बमोजिम कार्य गर्ने अख्तियारप्राप्त सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा यस मन्त्रालयबाट पेश हुने लिखित जवाफमा केही उल्लेख गरिरहनु परेन भन्ने समेत व्यहोराको नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको लिखित जवाफ।

७. कानूनी व्यक्तिको सामान्य सिद्धान्त अनुसार कानून बमोजिम स्थापित संस्थालाई कानून अनुसार मात्र अन्त्य वा खारेज गराउन सकिने सर्वमान्य सिद्धान्त रहेको र कम्पनी खारेजी सम्बन्धमा प्रचलित कम्पनी कानूनले स्पष्ट व्यवस्था गरिरहेको अवस्थामा रिट निवेदन प्रथम दृष्टिमा नै खारेजभागी छ। पठाओ नेपाल प्रा.लि. विधिवत रुपमा दर्ता कायम भएको कम्पनी हो। यस कम्पनीले सञ्चालन गरेको कम्प्युटर सफ्टवेयरको सम्बन्धमा यस कम्पनीले सूचना प्रविधिमा आधारित मोबाइल एप्लिकेसन प्ल्याटफर्फ (पठाओ) तथा इन्टरनेटको प्रयोग गरी सवारी चालक र यात्री बीचको सवारी प्रयोगको माग र आपूर्तिलाई जोड्ने माध्यमको रुपमा सेवा लिने दिने गरी आम नागरिकहरुद्वारा प्रयोग गरिएको हो। यस कम्पनीले स्वीकृत उद्देश्य अनुसार सफ्टवेयर मार्फत सेवा लिने र दिने बीच सहजकर्ताको भुमिका निर्वाह गर्ने बाहेक कुनै पनि गैरकानूनी कार्य गरे गराएको छैन। यस कम्पनीले कुनै पनि चालकलाई करारमा राखेको छैन र कुनै मोटरसाइकल भाडामा लिएको वा खरिद गरेको पनि छैन। यस कम्पनीको जस्तै कार्य गर्ने अन्य कम्पनीहरु उपर कुनै पनि दावी नगरी यस कम्पनीको विरुद्ध मात्र रिट निवेदन दायर गरिएको प्रस्तुत निवेदन खारेजभागी रहेको छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको पठाओ नेपाल प्रा.लि. समेतको लिखित जवाफ।

८. Patho Inc USA ले शत प्रतिशत विदेशी लगानीमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २९ मा computer related (application operation support) service प्रदान गर्ने उद्देश्य राखी यस विभागबाट मिति २०७५।०३।२० मा विदेशी लगानी स्वीकृत भएको र सो विदेशी लगानी गर्दाको शर्त बमोजिम विभागबाट मिति २०७५।०४।०६ मा पठाओ नेपाल प्रा.लि. नामक उद्योग दर्ता भएको देखिन्छ। उद्योग दर्ता हुँदा अनुमतीपत्र वा दर्ता प्रमाण पत्रमा तोकिएको शर्तको पालना नगरेमा वा उद्योगलाई प्रदान गरिएको सुविधा दुरुपयोग गरेको पाइएमा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४१ अनुसार कारवाही हुने भनी शर्त समेत उद्योग दर्ता प्रमाण पत्रमा उल्लेख छ। औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४१ को उपदफा (५) को खण्ड (ग) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय-समय दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाण पत्रमा उल्लिखित शर्तको पालना नगरेमा उद्योग, वाणिज्य तथा आपूर्ति

मन्त्रालयले जरिवाना गर्न सक्ने तथा सोही उपदफाको खण्ड (घ) बमोजिम उद्योग दर्ता गर्ने निकायले त्यस्ता उद्योगलाई निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्ता उद्योगको दर्ता वा अनुमती खारेज गर्न आदेश दिन सक्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ। यदि उक्त उद्योगले आफ्नो उद्देश्य विपरित कार्य गरेको देखिएमा वा प्रचलित कानून र यस विभागबाट तोकिएका शर्तहरु पालना नभएको पाइएमा प्रचलित कानूनी व्यवस्था बमोजिम प्रक्रिया पूरा गरी कारवाही हुने कानूनी उपचारको वैकल्पिक उपाय रहेको देखिन्छ। यसरी वैकल्पिक उपचारको बाटो पर्याप्त हुँदाहुँदै रिट क्षेत्राधिकारको बाटोबाट अदालत प्रवेश गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेजभागी भएकाले खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको उद्योग विभागको लिखित जवाफ।

९. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४(२) मा दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिनु हुँदैन भन्ने व्यवस्था छ। सोही ऐनको दफा ८ को उपदफा (१) मा निजी प्रयोजनको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई निजी सवारी भनिने छ भन्ने व्यवस्था रहेको छ भने सोही दफाको उपदफा (२) मा निजी सवारी यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ। सोही आधारमा निजी सवारीलाई भाडामा यात्रु बोक्न अनुमती दिएको छैन। हालसम्म प्रचलनमा नआएको दुई पाङ्ग्रे सवारीलाई भाडामा यात्रु बोक्न अनुमती दिने कानूनी व्यवस्था नभएको र सो व्यवस्थालाई नियमन गर्न समेत हाल संघीय सवारी तथा यातायात व्यवस्था ऐन मस्यौदाको चरणमा रहेको अवस्था छ। अतः रिट निवेदकको संविधान प्रदत्त कुनै पनि मौलिक तथा कानूनी हक हनन् भएको नहुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको यातायात व्यवस्था विभागको लिखित जवाफ।

१०. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८ को उपदफा (१) मा निजी प्रयोजनको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई निजी सवारी भनिने छ भनी उल्लेख भएको र ऐ. दफाको उपदफा (२) मा निजी सवारी यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन भनी उल्लेख भएको साथै, सोही ऐनको दफा १२ को उपदफा (१) मा कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइने छैन भनी उल्लेख भएको हुँदा यस विपरीत कुनै पनि निजी सवारी साधनहरुलाई सार्वजनिक यातायतको रुपमा भाडामा मानिस बोक्ने छुट यस मन्त्रालय तथा मातहतका निकाय समेतबाट नदिइने हुँदा सवारी नियम विपरित काम कारवाही गरेको फेला परे नियमानुसार कारवाही हुने नै हुँदा गृह मन्त्रालयबाट रिट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकार उल्लंघन हुने खालका कुनै पनि काम कारवाही नगरिएको हुँदा यस मन्त्रालय

समेतलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

## आदेश खण्ड

११. नियम बमोजिम पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी हेरियो।

१२. निवेदक विद्वान् अधिवक्ता श्री श्यामकुमार श्रेष्ठले, विपक्षी पठाओ नेपाल प्रा.लि. सूचना प्रविधिको व्यवसायमा लगानी गर्न नेपालमा संस्थापना भएकोमा निजले विपक्षी उद्योग विभाग समक्ष पेश गरेको project proposal भन्दा बाहिर गई कार्य गरिरहेको छ। उक्त कम्पनीले application operation support (within computer support ) सर्भिस प्रदान गर्ने भन्ने उद्देश्यले कम्पनी दर्ता गरी विपक्षीहरुको बदनियतपूर्ण मिलेमतोमा उद्देश्यभन्दा बाहिर गई ride sharing को व्यवसाय गर्दै मोटरसाइकलको पछाडि भाडामा मान्छे बोक्ने कार्य गरिरहेको छ, जुन गैरकानूनी रहेको छ। नियमन गर्नुपर्ने विपक्षी निकायहरु उदासिन रहेका छन्। तसर्थ, विपक्षी पठाओ नेपाल प्रा.लि. को कम्पनी दर्ता प्रमाणपत्र समेत उत्प्रेषणको आदेशले बदर गरी निज विपक्षीको गैरकानूनी कार्य बन्द गर्न विपक्षी नियामक निकायहरुको नाउँमा परमादेशको आदेश जारी गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१३. विपक्षी पठाओ नेपाल प्रा.लि. समेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताहरु श्री अन्जन कुमार दाहाल र श्री प्रवीण सुवेदीले, पठाओ नेपाल प्रा.लि. नेपालमा कानून बमोजिम स्थापित एक कानूनी व्यक्ति हो। कानूनी व्यक्तिको सामान्य सिद्धान्त अनुसार कानून बमोजिम स्थापित संस्थालाई कानून अनुसार मात्र अन्त्य वा खारेज गराउन सकिने सर्वमान्य सिद्धान्त रहेको र कम्पनी खारेजी सम्बन्धमा प्रचलित कम्पनी कानूनले नै स्पष्ट व्यवस्था गरिरहेको अवस्थामा रिट निवेदन प्रथम दृष्टिमा नै खारेजभागी छ। यस कम्पनीले स्वीकृत उद्देश्य अनुसार सफ्टवेयर मार्फत सेवा लिने र दिने बीच सहजकर्ताको भुमिका निर्वाह गर्ने बाहेक कुनै पनि कार्य गरे गराएको छैन। यस कम्पनीले कुनै पनि चालकलाई करारमा राखेको छैन र कुनै मोटरसाइकल भाडामा लिएको वा खरिद गरेको पनि छैन। यस कम्पनीले नेपाली समाजमा राम्रो काम गरेको छ र विदेशी लगानी भित्राएको छ। यस कम्पनीले कुनै पनि गैरकानूनी कार्य नगरेको तथा रिटको अधिकारक्षेत्रबाट कम्पनी खारेज गर्न मिल्ने नहुँदा रिट निवेदन खारेज गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१४. विपक्षी सरकारी निकायको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली तथा विद्वान् उपन्यायाधिवक्ता श्री बिना दाहालले, पठाओ नेपाल प्रा.लि.

computer related (application operation support) service प्रदान गर्ने उद्देश्य राखी उद्योग विभागबाट मिति २०७५।०४।०६ मा दर्ता भएको देखिन्छ। उद्योग दर्ता हुँदा अनुमतीपत्र वा दर्ता प्रमाण पत्रमा तोकिएको शर्तको पालना नगरेमा वा उद्योगलाई प्रदान गरिएको सुविधा दुरुपयोग गरेको पाइएमा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४१ अनुसार कारवाही हुने भनी शर्त समेत उद्योग दर्ता प्रमाण पत्रमा उल्लेख छ। ऐ. दफा ४१ मा, शर्तको पालना नगरेमा जरिवाना गर्न सक्ने, निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्ता उद्योगको दर्ता वा अनुमती खारेज गर्न आदेश दिन सक्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ। हाल औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४३ मा सजाय सम्बन्धी व्यवस्था रहेको छ। यदि उक्त उद्योगले आफ्नो उद्देश्य विपरित कार्य गरेको भए प्रचलित कानूनी व्यवस्था बमोजिम कारवाही गर्न वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै रिट बाटोबाट अदालत प्रवेश गरेको प्रस्तुत रिट निवेदन खारेजभागी भएकाले खारेज गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१५. उपर्युक्तानुसारको बहस सुनी मिसिल संलग्न कागजातहरु समेत अध्ययन गरी हेर्दा, प्रस्तुत रिट निवेदनमा निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था हो वा होइन? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१६. निर्णयतर्फ विचार गर्दा, पठाओ नेपाल प्रा.लि.ले application operation support (within computer support ) सर्भिस प्रदान गर्ने भन्ने उद्देश्यले कम्पनी दर्ता गरी उद्देश्यभन्दा बाहिर गई गैरकानूनी रुपमा ride sharing को व्यवसाय गर्दै मोटरसाइकलको पछाडि भाडामा मान्छे बोक्ने कार्य गरिरहेको हुँदा विपक्षी पठाओ नेपाल प्रा.लि. को कम्पनी दर्ता प्रमाणपत्र समेत उत्प्रेषणको आदेशले बदर गरी निज विपक्षीको गैरकानूनी कार्य बन्द गर्न विपक्षी नियामक निकायहरुको नाउँमा परमादेशको आदेश जारी गरी पाऊँ भन्ने रिट निवेदनको मुख्य माग दावी रहेको देखिन्छ। यस अदालतबाट भएको आदेशानुसार प्राप्त हुन आएका विपक्षीका लिखित जवाफ हेर्दा, निजी सवारी साधनहरुलाई सार्वजनिक यातायातको रुपमा भाडामा मानिस बोक्ने छुट यस महाशाखा तथा मातहत समेतबाट नदिइएको भनी महानगरीय ट्राफिक प्रहरी महाशाखाको लिखित जवाफ पेश भएको देखिन्छ। कम्पनी रजिष्ट्रारको कार्यालयले, कम्पनीको नाम स्वीकृत, दर्ता संस्थापनादेखि कम्पनी खारेजीको अभिलेख राख्ने सम्मको कार्य यस कम्पनी रजिस्ट्रार कार्यालयबाट सम्पादन हुँदै आएकोमा पठाओ नेपाल नाम स्वीकृत गराई आफ्नो प्रबन्धपत्र, नियमावलीसाथ उद्योग विभागको स्वीकृती समेत पेश गरेको आधारमा यस कार्यालयमा

कम्पनी द.नं. १९२९०९ मा पठाओ नेपाल प्रा.लि. दर्ता भएको भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ।

१७. त्यसैगरी, नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले, भाडामा मान्छे बोक्ने व्यवसाय, तत् सम्बन्धमा कम्पनी दर्ता र मोटरसाइकल दर्ता सम्बन्धी विषयमा प्रचलित नेपाल बमोजिम कार्य गर्ने अख्तियारप्राप्त सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने भनी लिखित जवाफ पेश गरेको देखिन्छ। कानूनी व्यक्तिको सामान्य सिद्धान्त अनुसार कानून बमोजिम स्थापित संस्थालाई कानून अनुसार मात्र अन्त्य वा खारेज गराउन सकिने सर्वमान्य सिद्धान्त रहेको र कम्पनी खारेजी सम्बन्धमा प्रचलित कम्पनी कानूनले नै स्पष्ट व्यवस्था गरिरहेको अवस्थामा नेपालमा कानून बमोजिम स्थापित पठाओ नेपाल प्रा.लि. को दर्ता खारेज गरी पाऊँ भनी दायर भएको प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमा नै खारेजभागी छ। यस कम्पनीले स्वीकृत उद्देश्य अनुसार सफ्टवेयर मार्फत सेवा लिने र दिने बीच सहजकर्ताको भुमिका निर्वाह गर्ने बाहेक कुनै पनि गैरकानूनी कार्य गरे गराएको छैन भनी पठाओ नेपाल प्रा.लि. समेतको लिखित जवाफको व्यहोरा रहेको देखिन्छ।

१८. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(२) मा निजी सवारी यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था रहेकोले निजी सवारीलाई भाडामा यात्रु बोक्न अनुमती नदिएको तथा हालसम्म दुई पाङ्ग्रे सवारीलाई भाडामा यात्रु बोक्न अनुमती दिने कानूनी व्यवस्था नभएको र सो व्यवस्थालाई नियमन गर्ने समेत हाल संघीय सवारी तथा यातायात व्यवस्था ऐन मस्यौदाको चरणमा रहेको छ भनी यातायात व्यवस्था विभागको लिखित जवाफ रहेको देखिन्छ। नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ हेर्दा, कुनै पनि निजी सवारी साधनहरुलाई सार्वजनिक यातायतको रुपमा भाडामा मानिस बोक्ने छुट यस मन्त्रालय तथा मातहतका निकाय समेतबाट नदिइने हुँदा सवारी नियम विपरित काम कारवाही गरेको फेला परे नियमानुसार कारवाही हुने भनी व्यहोरा उल्लेख भएको देखिन्छ।

१९. उद्योग विभागको लिखित जवाफ हेर्दा, computer related (application operation support) service प्रदान गर्ने उद्देश्य राखी यस विभागबाट मिति २०७५।०४।०६ मा पठाओ नेपाल प्रा.लि. नामक उद्योग दर्ता भएको; उद्योग दर्ता हुँदा अनुमतीपत्र वा दर्ता प्रमाण पत्रमा तोकिएको शर्तको पालना नगरेमा वा उद्योगलाई प्रदान गरिएको सुविधा दुरुपयोग गरेको पाइएमा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४१ अनुसार कारवाही हुने भनी शर्त समेत उद्योग दर्ता प्रमाण पत्रमा उल्लेख भएकोमा उद्योग दर्ता गर्ने निकायले

निर्देशन तथा शर्तको पालना नगरेमा ऐ. दफा ४१ बमोजिम जरिवाना गर्न सक्ने तथा निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्ता उद्योगको दर्ता वा अनुमती खारेज गर्न आदेश दिन सक्ने वैकल्पिक उपचारको बाटो पर्याप्त हुँदाहुँदै रिट क्षेत्राधिकारको बाटोबाट अदालत प्रवेश गरेको प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भनी व्यहोरा उल्लेख गरेको अवस्था देखिन्छ।

२०. सर्वप्रथम यस अदालतको रिट अधिकारक्षेत्रको प्रयोग सम्बन्धमा यस अदालतको असाधारण अधिकारक्षेत्र सम्बन्धी संवैधानिक व्यवस्था हेर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) मा देहायको व्यवस्था रहेको देखिन्छः-

> ***"(२) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ।***
>
> ***"(३) उपधारा (२) बमोजिमको असाधारण अधिकारक्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ।"***

२१. उल्लिखित संवैधानिक व्यवस्था हेर्दा, सर्वोच्च अदालतले मूलतः मौलिक हकको उल्लंघनको विषय बाहेकका कानूनी हकको प्रचलनको प्रश्न छ भने सो सम्बन्धमा वैकल्पिक उपचारको व्यवस्था रहेसम्म सामान्यतः असाधारण अधिकारक्षेत्र प्रयोग गर्न नमिल्ने देखिन्छ। यसलाई रिट विधिशास्त्रमा वैकल्पिक उपचारको समाप्ति (exhausting of alternative remedy) को सिद्धान्त भन्ने गरिन्छ। वस्तुतः साधारण अधिकारक्षेत्रबाट नै उपचार प्राप्त हुने देखिंदादेखिँदै असाधारण अधिकारक्षेत्रको प्रचलन गर्ने हो भने साधारण उपचारको प्रबन्ध गर्नुको कुनै औचित्य र प्रयोजन नै नरहने भएकाले रिट अधिकारक्षेत्रको प्रचलनका लागि कानून बमोजिम प्राप्त साधारण उपचारको मार्गको समाप्ती आवश्यक ठानिएको हो। रिट अधिकारक्षेत्रको प्रयोग सम्बन्धमा हाम्रो न्यायिक अभ्यास पनि यसैतर्फ केन्द्रित रहेको पाइन्छ। यस सन्दर्भमा सोझै रिट क्षेत्रबाट उपचार खोज्न पाउने हो भने वैकल्पिक उपचारको व्यवस्था गर्नुको कुनै अर्थ वा प्रयोजन नै नहुने भनी *प्रदीप कुमार*

*अग्रवाल वि. कर कार्यालय मोरङ, विराटनगर समेत* को मुद्दामा प्रतिपादित कानूनी सिद्धान्तलाई दृष्टान्तको रुपमा लिन सकिन्छ।

२२. कम्पनीको दर्ता, खारेजी, अद्यावधिक गर्ने जस्ता कुराहरु कम्पनी ऐन, २०६३ बाट नियमित हुने कानूनी प्रावधान रहेको पाइन्छ। साविक औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४१ मा कुनै उद्योगले तोकिएको शर्तको पालना नगरे नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा उद्योग विभागले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्ने, जरिवाना गर्ने, सुविधा रोक्का गर्ने जस्ता सजाय गर्न सक्ने कानूनी व्यवस्था रहेको थियो। हाल प्रचलित औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४३ मा सजाय सम्बन्धी त्यस्तै कानूनी व्यवस्था रहे भएकै पाइन्छ। विपक्षी पठाओ नेपाल प्रा.लि. प्रचलित कानून बमोजिम विपक्षी कम्पनी रजिस्ट्रार कार्यालयमा द.नं. १९२९०९/०७४/०७५ मा दर्ता भएको तथ्यमा विवाद देखिँदैन। विपक्षी प्रा.लि. को दर्ता खारेजी जस्ता काम कारवाही पनि विपक्षी कम्पनी रजिस्ट्रार कार्यालयबाट कानून बमोजिम नियमित हुने हुन्छ। त्यसैगरी, computer related (application operation support) service प्रदान गर्ने उद्देश्य राखी विपक्षी उद्योग विभागबाट मिति २०७५।०३।२० मा विदेशी लगानी स्वीकृत भई मिति २०७५।०४।०६ मा उद्योगको रुपमा दर्ता समेत भएको देखिन्छ। उक्त प्रा.लि.

---

[1] *प्रदीप कुमार अग्रवाल वि. कर कार्यालय मोरङ, विराटनगर समेत,* विषयः उत्प्रेषण समेत (नेकाप २०५२, अङ्क ७, नि.नं. ६०३२, ७ सदस्यीय पूर्ण इजलास):-

> *"न्यायिक अधिकारी वा निकायबाट निरुपण हुने प्रत्येक विवादमा मानिसको जीउ ज्यान, सम्पत्ति, इज्जत वा हैसियत सम्बन्धी कुराहरु समावेश भएका हुन्छन्। त्यस्तो विवादको निरुपण गर्ने भनेर संविधान वा कानूनले त्यस्ता अधिकारी वा निकायलाई अधिकार प्रदान गरेको हुन्छ। त्यस्तो विवादको निर्णय गर्दा प्रमाणको मुल्याङ्कनमा वा कानूनको व्याख्या वा प्रयोगमा त्रुटि भएको हुन सक्दछ, तथापि कानून बमोजिम माथिल्लो अधिकारी वा निकायबाट बदर नभएसम्म त्यो निर्णय कानूनको दृष्टिमा वैध नै हुन्छ। त्यसैले त्यस्तो त्रुटीलाई सच्याउन सम्बन्धित पक्षले पहिले कानूनी उपचारको बाटो नै अनुशरण गर्नु पर्छ। अन्यथा, त्यस्तो निर्णयबाट प्रतिकूल असर पर्ने पक्षले आफ्नो सम्पत्ति वा जीउज्यान सम्बन्धी मौलिक हकमा आघात परेको छ भनी सोझै रिट क्षेत्रबाट उपचार खोज्न पाउने हो भने संविधान वा कानूनले विवादको निरुपण गर्न न्यायिक वा अर्धन्यायिक अधिकार प्रदान गर्नु र त्यस्तो निर्णय उपर निवेदन वा पुनरावेदन लाग्ने व्यवस्था गर्नुको कुनै अर्थ वा प्रयोजन नै नहुने।";*
>
> *"न्यायिक वा अर्धन्यायिक अधिकारीको निर्णय वा आदेश अधिकारक्षेत्र विहीन छ वा निजले प्रयोग गरेको कानून नै संविधानसम्मत छैन वा अधिकारै नभएको निकायले अधिकारक्षेत्र ग्रहण गरेको छ अथवा प्राकृतिक न्यायको सिद्धान्त वा कानून विपरीत मर्का पर्ने पक्षलाई प्रतिवाद गर्ने मौका नै नदिई निर्णय भएको छ भन्ने जिकिर लिएर सम्बन्धित पक्ष त्यस्को उपचारको लागि यस अदालतको असाधारण अधिकारमा आएको छ र निजको जिकिर उचित देखिन्छ भने त्यस अवस्थामा निजलाई यस अदालतले निश्चय नै मद्दत गर्न सक्दछ र गर्नु पर्छ। त्यस्तो निर्णय कानूनको दृष्टिमा शून्य सरह हुने हुनाले तत्सम्बन्धमा पुनरावेदन वा अन्य कानूनी उपचारको कुनै अर्थ नै नहुने।"*

ले तोकिएको शर्तको उल्लंघन गरेको देखिएमा निजको इजाजत, अनुमती रद्द गर्ने लगायतको कारवाही पनि विपक्षी उद्योग विभागबाट नै हुने हुन्छ। विपक्षी पठाओ नेपाल प्रा.लि. ले तोकिएको शर्तको पालना नगरेमा वा कानून विपरितका कार्य गरेमा त्यसको जानकारी, उजूरी विपक्षी उद्योग विभागमा दिन सकिने नै हुन्छ। यो नै कम्पनी नियमन सम्बन्धी कानूनको साधारण मार्ग रहेको देखिन्छ।

२३. सबै व्यक्तिले कानूनको जानकारी राख्दै आफ्नो अधिकार र कर्तव्य प्रति सचेत र प्रतिबद्ध रहनु पर्दछ। त्यस्तो प्रतिबद्धता व्यवहारबाटै देखिनु पनि पर्दछ। सोझो, सामान्य र साधारण मार्ग अवलम्बन नगरी असाधारण मार्गबाट अदालत प्रवेश गर्नेले सर्वप्रथम असाधारण मार्ग प्रवेश गर्नु पर्नाको बाध्यात्मक अवस्था देखाउन सक्नु पर्दछ। विपक्षी पठाओ प्रा.लि. ले तोकिएको शर्तको पालना नगरेको वा कानून विपरितका कार्य गरेको भनी रिट निवेदकले त्यसको जानकारी, उजूरी विपक्षी उद्योग विभाग वा अन्य नियमनकारी निकायमा गरेको देखिने गरी कुनै सबुद प्रमाण देखाउन सकेको अवस्था छैन। सरकारी निकाय समेतका विपक्षीहरु सबै मिली कुनै गैरकानूनी कार्य गरेको भनी वस्तुनिष्ठ आधार कारण निवेदकले खुलाउन सकेको पनि देखिँदैन। विपक्षी पठाओ नेपाल प्रा.लि. को दर्ता खारेज गरी पाऊँ भन्ने निवेदकको माग दावीको कानूनी आधार देखिँदैन। कानूनी व्यक्तिको दर्ता गर्ने, खारेजी गर्ने जस्ता काम कारवाही कम्पनी ऐन, औद्योगिक व्यवसाय ऐन जस्ता प्रचलित कानून बमोजिम हुने नै हुँदा कानूनी व्यक्तिको दर्ता खारेज गर्ने वैकल्पिक उपचारको मार्ग प्रशस्त हुँदाहुँदै रिट अधिकारक्षेत्रबाट निज विपक्षीको दर्ता खारेज गर्न मिल्ने देखिँदैन। साथै, निर्णयको तथ्यमा प्रवेश गरी सबुद प्रमाणको परीक्षण गरिनु पर्ने विषयको हकमा यस अदालतले असाधारण अधिकारक्षेत्र अन्तर्गत आदेश जारी गर्न मिल्ने पनि हुँदैन। तसर्थ, विपक्षी कम्पनी रजिष्ट्रार कार्यालय तथा विपक्षी उद्योग विभागमा दर्ता भएको विपक्षी पठाओ नेपाल प्रा.लि. को दर्ताको विषयवस्तुमा प्रवेश गरी निवेदन माग बमोजिम विपक्षी पठाओ नेपाल प्रा.लि. को दर्ता खारेज गर्ने गरी यस अदालतबाट आदेश जारी गर्न मिल्ने देखिन आएन।

२४. जहाँसम्म विपक्षी पठाओ नेपाल प्रा.लि. को नियमनको सवाल छ, सो सम्बन्धमा हेर्दा, वैकल्पिक उपचारको मार्ग प्रशस्त हुँदाहुँदै तथा तथ्यमा प्रवेश गरी सबुद प्रमाणको परीक्षण गरिनु पर्ने विषययको हकमा यस अदालतले असाधारण अधिकारक्षेत्र अन्तर्गत आदेश जारी गर्न नमिल्ने कुरा माथिका प्रकरणमा विश्लेषण भैसकेको छ। यद्यपि, पूर्वपठित नेपालको संविधानको धारा १३३ को उपधारा (२) को ***"...अन्य कुनै कानूनी हकको प्रचलनको लागि..."*** भन्ने शब्दावलीले यस अदालतको असाधारण अधिकारक्षेत्रलाई विशेष

महत्वको बनाएको देखिन्छ। साथै ऐ. उपधारा (३) मा उपधारा (२) बमोजिमको अधिकारक्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत **"अन्य उपयुक्त आदेश"** जारी गर्न सक्ने व्यवस्थाले, संविधानले सो अधिकारक्षेत्रलाई यस अदालतको एक प्रकारको **"विशेषाधिकार (prerogative)"** को रुपमा लिएको देखिन आउँछ। यो अधिकारक्षेत्र अन्तर्गत संविधानले नै न्याययोग्य नहुने भनी सीमा लगाएका खास केही विषय र अदालत स्वयंले अवलम्बन गरेका आत्मसंयमका नियमहरु बाहेकका कुराहरुको न्यायिक पुनरावलोकन गर्ने अधिकार यस अदालतमा अन्तरनिहीत रहेको मानिन्छ। खासगरी, निवेदनमा उठाइएको विषयवस्तुको प्रकृति र गाम्भीर्यता, त्यसमा निहीत संवैधानिक तथा कानूनी प्रश्न, माग गरिएको उपचार र साधारण अधिकारक्षेत्र अन्तर्गत प्राप्त उपचार एवं त्यसमा लाग्ने समय र प्रकृया तथा प्रभावकारिता लगायतका सान्दर्भिक पक्षको मूल्याङ्कन गरी यस अदालतले उपयुक्त आदेश जारी गर्न सक्ने नै देखिन्छ।

२५. विश्वव्यापीकरणको बढ्दो प्रवाहका कारण वैदेशिक लगानीका सन्दर्भमा भौगोलिक तथा अन्य सीमाहरु खुकुलिँदै गएका छन्। विश्वमा सूचना र प्रविधिको क्षेत्रमा भएको चामत्कारिक विकासले सिंगो विश्वलाई एउटै गाउँमा परिणत गर्दै लगेको छ। नेपाल विश्व व्यापार संगठन (World Trade Organization- WTO) को सदस्य हुनुका साथै बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोग सम्बन्धी बंगालको खाडीको अग्रसरता (Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation- BIMSTEC ) तथा दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्भौता (South Asia Free Trade Agreement-SAFTA) जस्ता बहुपक्षीय एवं क्षेत्रीय सम्झौताहरुको पक्ष राष्ट्र बनेको छ। यस्ता संगठनहरु सँगको सदस्यता तथा सम्झौताहरुबाट सिर्जित दायित्व र प्रतिबद्धता, विश्व अर्थ व्यवस्थामा देखा परेको परिवर्तनको सन्दर्भमा समेत नेपाल सरकारबाट विदेशी लगानी नीति, २०७१ जारी गरिएको देखिन्छ। उक्त नीतिले राष्ट्रिय प्राथमिकताका क्षेत्रहरुमा विदेशी पूँजी, प्रविधि, सीप र ज्ञान आकर्षित गर्दै आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धनको माध्यमबाट व्यापार सन्तुलन कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक र गतिशील बनाउने दीर्घकालीन लक्ष्य लिँदै विदेशी लगानी अन्तर्गत विदेशी पूँजी, सीप, ज्ञान तथा प्रविधि हस्तान्तरण मार्फत भएको लगानीलाई समेत विदेशी लगानीको स्वरुपमा समावेश गरेको देखिन्छ।

२६. विपक्षी पठाओ नेपाल प्रा.लि. ले सफ्टवेयर मार्फत सेवा लिने र दिने बीच सहजकर्ताको भुमिका निर्वाह गर्ने कार्य गरेको भनी लिखित जवाफ पेश गरेको देखिन्छ। निज

विपक्षीको वेबसाइट https://pathao.com/np/ हेर्दा, Services: Bike, car, food delivery, parcel भनी उल्लेख भएको देखिन्छ। उक्त वेबसाइटको मुखपृष्ठमै बाइक, pathao को dress code लगाएका बाइक चालक र पछाडि सिटमा बसेको यात्री सहितको तस्वीर रहेको देखिन्छ। निज विपक्षीले विज्ञापन गर्दै, Earn with car, earn with bike… भनी उल्लेख गरेको देखिन्छ। उक्त वेबसाइटमा Daily rides/deliveries 1,50,000+; Get your payment on time with Pathao भन्दै पठाओ प्रयोगको लागि आकर्षित गरिएको देखिन्छ। पठाओको बारेमा जानकारी दिँदै, Pathao offers mobility solutions by providing economical ride-sharing along with a wide range of vehicles across bikes and cars. We also serve consumers with fast food deliveries ensuring a happy meal experience. Pathao Rides available in 21 Cities Across Nepal! भनी उल्लेख भएको पाइन्छ। विशेषतः विपक्षी पठाओ नेपाल प्रा.लि. द्वारा सञ्चालित mobile application सँग सवारी साधन चालकहरु आफ्नो स्वेच्छाले जोडिई निज चालकहरुले उक्त mobile application को GPS tracking feature बाट यात्रु रहेको थाहा पाउने र उक्त mobile application बाट सेवा लिन चाहने यात्रुले पनि आफू भएको ठाउँबाट log-in गरी निजले निजी सवारी साधनमा यात्रा गर्न भुक्तानी गर्नुपर्ने रकमको बारेमा थाहा पाई ride sharing को सेवा लिन सक्ने देखिन्छ। यसरी, विपक्षी पठाओ नेपाल प्रा.लि. ले पठाओ (pathao) नामक mobile application मार्फत ride sharing को लागि चालक र यात्रीको बीचमा सम्बन्ध सेतुको कार्य गर्ने गरेको देखिन्छ। Pathao जस्तैगरी नेपालमा हाल sajilo, edrive, indrive जस्ता mobile applications मार्फत ride sharing कार्य भैरहेको समेत देखिन्छ। यसै सम्बन्धमा, लेखा परीक्षणको अन्तिम संवैधानिक जिम्मेवारी रहेको निकाय महालेखापरीक्षकले उठाएको सवाल[१] समेतले नेपालमा ride sharing सेवाको उपस्थितिलाई नकार्न सकिने अवस्था छैन।

[१] हेर्नुहोस्:-

महालेखापरीक्षकको एकसठ्ठीऔं वार्षिक प्रतिवेदन, २०८१, यातायात व्यवस्था विभाग, ९५. नियमन, पृष्ठ ४३३-४३४:-

> *"सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ को दफा ९३ मा यातायात सेवाको नाम विभागमा पञ्जीकृत नगरी कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्न नपाइने व्यवस्था छ। काठमाडौं उपत्यका लगायत देशका अन्य सहरहरूमा निजी सवारी प्लेटका दुई पाङ्ग्रे सवारीसाधनलाई राइड शेयरिङ्ग प्लेटफर्म मार्फत सार्वजनिक सवारीको रूपमा सञ्चालन भैरहेकोमा त्यस्तो सेवा सञ्चालन गर्न पाउने गरी यातायात व्यवस्था विभागमा पञ्जीकृत भएका छैनन्।"*

२७. हाम्रो समाजमा यस्तो ride sharing व्यवसाय केही नयाँ र नौलो भए तापनि अन्तर्राष्ट्रिय जगतमा यो निकै नै प्रचलित रहेको देखिन्छ। यसप्रकारको व्यवसायलाई विदेशी देशहरुमा ride-hailing भनी सम्बोधन गरिएको देखिन्छ। Ride-hailing भन्नाले चालकको आपूर्ति र उपभोक्ताको मागलाई संयोजन गरी उपभोक्तालाई चाहेको मुकाममा पुऱ्याउन इन्टरनेटको माध्यमबाट सेवा प्रदान गर्ने भन्ने देखिन्छ। यसप्रकारको सेवा प्रदान गर्ने संस्थाहरुमा अमेरिकाको Uber Technologies, Inc. चिनको Didi Chuxing Technology Company विश्वप्रसिद्ध रहेको देखिन्छ। त्यस्तैगरी, अमेरिकामा Lyft, मलेसियामा Grab, ब्राजिलमा Easy Taxi, आयरल्याण्डमा Carma, फ्रान्समा BlaBlaCar जस्ता ride-hailing सेवा रहेको देखिन्छ।

२८. अब, यातायात सम्बन्धी विषयमा हाम्रो प्रचलित कानूनी व्यवस्था हेर्दा, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८ को उपदफा (२) मा, ***"निजी सवारी यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।"*** भन्ने तथा ऐ. ऐनको दफा १२ को उपदफा (१) मा, ***"कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइने छैन।"*** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। त्यसैगरी, ऐ. ऐनको दफा ९३ को उपदफा (१) मा, ***"यातायात सेवाको नाम विभागमा पञ्जीकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन।"*** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाले निजी सवारी साधनहरुलाई सार्वजनिक यातायातको रूपमा भाडामा मानिस बोक्ने छुट नभए तापनि ride sharing को नाममा सो व्यवसाय सञ्चालन भैरहेको यथार्थतालाई माथिका प्रकारणमा उल्लेख गरिएकै छ। ride sharing व्यवसायले विदेशी लगानी भित्र्याउनुका साथै नेपाली नागरिकहरुलाई रोजगारी दिई विभिन्न सेवा आदानप्रदान गर्न सहजीकरण गरी लोकप्रिय हुँदै गरेको अवस्था समेत देखिन्छ। यस सन्दर्भमा मिति २०८०।१०।१८ मा नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६५ को अधिकार प्रयोग गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची ८ को क्र.सं. ६६ थप गरी **"राइड सेयरिङ्ग (ride sharing) सेवा"** लाई सेवामूलक उद्योगको रुपमा वर्गीकरण सम्म गरेको पाइन्छ। यसलाई दर्ता, इजाजत, कारवाही लगायतको नियमन गर्ने स्पष्ट र पर्याप्त कानूनी प्रबन्धको भने अझै पनि अभाव नै रहेको देखिन्छ।

२९. नेपालको संविधानले समृद्ध आर्थिक स्थिति भएको आधुनिक, सुदृढ र विकसित नेपालको आकंक्षा राखेको छ। कुनै पनि राज्यले आर्थिक समृद्धि हासिल गर्न उद्यमशीलतालाई प्रोत्साहन गर्नु जरुरी हुन्छ। त्यसकारण पनि उद्यमशीलतालाई प्रोत्साहन गर्नु हाम्रो

संवैधानिक दायित्व रहेको देखिन्छ। नेपालको संविधानको धारा ५१(घ) मा, अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिने, आर्थिक क्षेत्रका सबै गतिविधिमा प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्ने, उपभोक्ताको हित संरक्षण गर्ने, वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्ने समेतका राज्यको अर्थ, उद्योग र वाणिज्य नीति उल्लेख गरेको छ। सोही धारा ५१(च) ले वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने तथा राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने राज्यको विकास सम्बन्धी नीति उल्लेख भएको पाइन्छ। राज्यको नीति भनेको राज्य सञ्चालनको मार्गनिर्देशक भएकोले यसबाट राज्य विमुख हुन सक्ने अवस्था पनि हुँदैन।

३०. नेपालको संविधानको धारा ३३ मा, रोजगारीको हक उल्लेख गर्दै प्रत्येक नागरिकलाई रोजगारीको तथा रोजगारीको छनौट गर्न पाउने भन्ने; सोही धारा ३४ ले श्रमको हकको रुपमा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने भन्ने तथा सोही धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ भन्ने उपभोक्ताको हकलाई मौलिक हकको रुपमै अङ्गिकार गरेको पाइन्छ। एकातर्फ, संविधानमा प्रत्याभूत गरिएका यस्ता मौलिक हकहरूको कार्यान्वयनको सुनिश्चितता गर्न राज्यले कुनै पनि बहानामा इन्कार गर्न मिल्दैन भने अर्कोतर्फ, राज्यले कुनै कार्य गर्दा मौलिक हक उपर प्रतिकूल प्रभाव पुग्न गई अनुचित बन्देज लाग्न जाने स्थिति उत्पन्न भएमा त्यस्तो कार्यले समेत वैद्यानिकता नपाउने हुन्छ। यसर्थ, राज्यले कुनै कार्य गर्दा बडो संवेदनशीलता र सावधानी अपनाई मौलिक हकहरुको सार्थक कार्यान्वयनमा केन्द्रित रहनु पर्ने हुन्छ।

३१. उल्लिखित संवैधानिक प्रावधानको आलोकमा ride sharing सेवालाई रोजगारीको हक, उपभोक्ताको हक तथा उद्यमशीलता र आर्थिक समृद्धिसँग आबद्ध गरेर हेरिनु पर्ने देखिन्छ। आजको समयमा ride sharing सेवासँग ठूलो मात्रामा चालकको रुपमा रोजगारी र सेवाग्राहीको रुपमा यात्रीको सिधा सम्बन्ध कायम भएको अवस्था छ। यसप्रकारको यातायातको सेवाले सेवामा प्रतिस्पर्धा र गुणस्तरीयतामा बढोत्तरी भई यस्तो सेवा एकदमै सहज, पहुँचयुक्त र लोकप्रिय पनि हुँदै गैरहेको पाइन्छ। Ride sharing व्यवसायलाई नकार्नुको सट्टामा यसलाई व्यवस्थित गर्दै यसप्रकारको यातायात सेवामा समेत महिला, अपाङ्गता भएका यात्रुहरूलाई समायोजन गरिनु पर्ने अनिवार्यता रहन्छ। यस सम्बन्धमा सुरक्षाको स्थापित मापदण्ड व्यवस्थित गरिनु पर्ने देखिन्छ। Ride sharing सेवा

प्रदायक सवारीको दर्ता, सञ्चालन, व्यवस्थापन तथा अनुगमन निरीक्षणका लागि आवश्यक कानूनी व्यवस्था मार्फत वैधानिक रुपमा त्यस्तो यातायात सेवा सञ्चालन हुनु पर्ने देखिन्छ। वस्तुतः कानूनको अभाव देखाई ride sharing सेवामा अवरोध पुऱ्याउँदा निजी सवारी साधन चालकहरुले यात्रु ओसार-पसार गरी दैनिक रुपमा आय-आर्जन गरी जीवन निर्वाह गरेबाट निजहरुको सम्मानपूर्वक बाच्न पाउने हक, रोजगारीको हक एवं श्रमको हक तथा उपभोक्ताको हक समेतमा प्रतिकूल असर पुग्न जाने देखिन्छ भने औद्योगिक व्यवसाय ऐन, २०७६ मार्फत हाल नेपाल सरकारले ride sharing लाई उद्योगको रुपमा मान्यता प्रदान गरीसकेको परिप्रेक्ष्यमा यसलाई निषेध गर्नु न्यायोचित एवं कानूनसम्मत हुने पनि देखिँदैन।

३२. उद्योग तथा यातायातसँग सम्बन्धित कार्यहरु गर्ने नेपाल सरकारका निकायहरु विपक्षी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; उद्योग विभाग तथा यातायात विभाग रहेको देखिन्छ। विपक्षी यातायात व्यवस्था विभागले, हाल संघीय सवारी तथा यातायात व्यवस्था ऐन मस्यौदाको चरणमा रहेको छ भनी लिखित जवाफ पेश गरेको देखिन्छ। त्यसैगरी, पठाओ नेपाल प्रा.लि. ले तोकिएको शर्तको पालना नगरेमा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४१ अनुसार कारवाही हुने भनी विपक्षी उद्योग विभागले लिखित जवाफ पेश गरेको देखिन्छ। सोही प्रकृतिको कानूनी व्यवस्था हाल प्रचलित औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४३ मा पनि रहेको पाइन्छ। तसर्थ, ride sharing जस्ता यातायात सम्बन्धी व्यवसायको सम्बोधनका लागि यथासक्य चाँडो पर्याप्त कानूनी प्रबन्धका लागि आवश्यक पहल गर्नू तथा विपक्षी पठाओ नेपाल प्रा.लि. जस्ता mobile application द्वारा सञ्चालित ride sharing को सम्बन्धमा computer related (application operation support) service प्रदान गर्ने कानूनी व्यक्तिले तोकिए बमोजिमको शर्तको पालना गरे, नगरेको सम्बन्धमा निरन्तर अनुगमन गर्नू गराउनू भनी विपक्षी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; उद्योग विभाग र यातायात व्यवस्था विभागको नाउँमा निर्देशनात्मक आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आयो।

३३. अतः उल्लिखित आधार कारणबाट, विपक्षी पठाओ नेपाल प्रा.लि. कानून बमोजिम विपक्षी कम्पनी रजिस्ट्रार कार्यालयमा द.नं. १९२९०९/०७४/०७५ मा दर्ता भई मिति २०७५।०४।०६ मा विपक्षी उद्योग विभागमा समेत दर्ता भएको कानूनी व्यक्ति देखिएको तथा कानूनी व्यक्तिको दर्ता खारेज गर्ने वैकल्पिक उपचारको मार्ग प्रशस्त हुँदाहुँदै रिट अधिकारक्षेत्रबाट दर्ता खारेज गर्न मिल्ने नदेखिँदा, विपक्षी पठाओ नेपाल प्रा.लि. को दर्ता खारेज गरी पाऊँ भन्ने निवेदकको माग बमोजिमको आदेश जारी गर्न

मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। निवेदकको माग दावी तथा विपक्षीहरुको लिखित जवाफको व्यहोरा समेतको परिप्रेक्ष्यमा, ride sharing जस्ता यातायात सम्बन्धी व्यवसायको सम्बोधनका लागि यथासक्य चाँडो पर्याप्त कानूनी प्रबन्धका लागि आवश्यक पहल गर्नू तथा विपक्षी पठाओ नेपाल प्रा.लि. जस्ता mobile application द्वारा सञ्चालित ride sharing को सम्बन्धमा computer related (application operation support) service प्रदान गर्ने कानूनी व्यक्तिले तोकिए बमोजिमको शर्तको पालना गरे, नगरेको सम्बन्धमा निरन्तर अनुगमन गर्नू गराउनू भनी विपक्षी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; उद्योग विभाग र यातायात व्यवस्था विभागको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ। प्रस्तुत आदेशको प्रतिलिपि सहित यो आदेशको जानकारी फैसला कार्यान्वयन निर्देशनालय र महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरु दिनू। प्रस्तुत आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी आदेशको पीठमा जनाउनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गर्नू र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(विश्वम्भरप्रसाद श्रेष्ठ)
प्रधान न्यायाधीश

उक्त रायमा म सहमत छु।

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

इजलास अधिकृत : वसन्त प्रसाद मैनाली
कम्प्युटर अपरेटर : मन्जिता ढुंगाना
ईति संवत् २०८१ साल आषाढ महिना १३ गते रोज ५ शुभम्.....................................।